# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## केदारस्युँ गाउँपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## केदारस्युँ गाउँपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## केदारस्युँ गाउँपालिका

बझाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०

च.नं. ५४५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

केदारस्युँ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

बझाङ।

**कैफियत सहितको राय**

हामीले केदारस्युँ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ११ करोड ६९ लाख ७३ हजार बेरुजू देखिएको छ। सो मध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १२ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ करोड १६ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ३० लाख ८६ हजार र पेश्की रु.१० लाख ३९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १ करोड ३२ लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरूजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड २ लाख २७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

## केदारस्यू गाउँपालिका, बझाङ

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३७ | १६९ | ११६९७३ | ० | ० | ० | ३७ | १६९ | ११६९७३ | १२१५ | ३३०८६ | ८१६३३ | ० | ० | ११४७१९ | १०३९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानिय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| **केदारस्यू गाउँपालिका, बझाङ** | १३२५५ | ० | ० | १३२५५ | ० | ११६९७३ | १३०२२७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : केदारस्युँ गाउँपालिका, बझाङ , केदारसु गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dhan Raj Joshi | २०७६-९-२६ | २०७८-१२-१० |
| कार्यालय प्रमुख | Padam Raj upadhayay | २०७८-१२-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Thika Dwal | २०७७-१-११ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ११६,९७२,८५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,१५,९३,९७८.६१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,७०,२९,००० | **चालु खर्च** | ३५,६७,३१,३३४.५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,६५,०३,००० | **पूँजीगत खर्च** | १७,३१,३४,५२२.८५ |
| **राजश्व बाँडफाँट** | ६,९६,१३,४७९.१६ | **वित्तीय/अन्य व्यवस्था** | १३,४४,७३,२९६.८९ |
| **आन्तरिक आय** | ३०,५०,५९४.९८ | | |
| **अन्य आय** | १३,५८,५२,८३७.७५ | | |
| **कुल आय** | ६८,२०,४८,९११.८९ | **कुल खर्च** | ६६,४३,३९,१५४.२४ |
| **बाँकी मौज्दात** | | ३,९३,०३,७३६.२६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस कृष्णनगर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु कृष्णनगर नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४६ सभा सदस्य,११४ वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार जनसंख्या रहेको छ | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणको क्रममा दैनिक भ्रमण भत्ता भुक्तानि लिदा स्थानिय भत्ता कट्टी नगरी भुक्तानि लिएको रु १०७९४९।०० र अन्य विभिन्न प्रशिक्षक भत्ता वापत रु २७०५० गरी जम्मा रु १३४९९९ असुल गरी दाखिला भएको छ। | |
| ३ | | | **एकिकृत आय व्यय**<br><br>**स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ । | |

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 21593978.61 | १ | चालु खर्च | 356731334.50 | 356731334.50 |
| | क) नगद | | | २ | पूँजीगत खर्च | 173134522.85 | 173134522.85 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) बैंक | 19096438.54 | | ३ | सामाजिक सुरक्षा भत्ता | 97280430.00 | 97280430.00 |
| | ग गत आ व धरौटी रकम | 1997540.07 | | ४ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 37050712.89 | 37050712.89 |
| | घ गत आ व कल्याण कोष | 500000 | | ५ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | 72664074.14 | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | 3050594.98 | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | 69613479.16 | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ६ | लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण | | 437029000 | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | 122300000 | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | 289729000 | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | 4200000 | | ७ | धरौटी फिर्ता | 142154.00 | 142154.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | 20800000 | | ८ | कोष खर्च | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 36503000 | १० | मौज्दात | | |
| | क) वित्तीय समानीकरण अनुदान | 8817000 | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | 14836000 | | | ख) बैंक मौज्दात | 35426655.35 | 35426655.35 |
| | ग) समपूरक अनुदान | 7850000 | | | कर्मचारी कल्याण कोष | 500000.00 | 500000.00 |
| | घ) विशेष अनुदान | 5000000 | | | | | |
| ५ | सामाजिक सुरक्षा भत्ता | 97280430.00 | 97280430.00 | | | | |
| ६ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 37050712.89 | 37050712.89 | | | | |
| | ग) ब्याज प्राप्ति | | | | धरौटी | 3377080.91 | 3377080.91 |
| 10 | धरौंटी आय | 1521694.84 | 1521694.84 | | | | |
| 11 | लगानीको साँवा फिर्ता | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 12 | अन्य विविध आय | | | | | |
| | जम्मा | 703642890.5 | 703642890.5 | | जम्मा | 703642890.50 | 703642890.50 |

४

**आन्तरिक नियन्त्रण प्रणालि**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १२ ऐन, २ नियमावली, ६ कार्यविधि ४ निर्देशिका समेत २५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी

| | | | | |
|---|---|---|---|---|
| | | | खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **अग्रिम कर कट्टि**<br><br>विभिन्न मितिमा कट्टि गरेको अग्रिम कर वापतको रकम रु ४१३२७ संचित कोषमा दाखिला नभइ गाउपलिकाको खातामा रहेको पाइयो उक्त रकम संचित कोषमा दाखिला हुनुपर्दछ रु | ४१,३२७ |
| ६ | | | **अनुदान फिर्ता**<br><br>अनुदान फिर्ता — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसार खर्च नभइ बाँकि रहेको अनुदान रकम फिर्ता गर्नुमा लेखापरीक्षणको अवधि मिति २०७८।६।१० फिर्ता गरेको छैन। उक्त रकम फिर्ता हुनुपर्दछ रु | २६,३९६,८८५ |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | फिर्ता रकम |
|---|---|---|
| संघीय सरकार | शसर्त | १२९८५५३० |
| | विषेश | ५७६४८४१ |
| | समपुरक | १५०५००४ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>अन्य</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०२५५३७५</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>११४८५०९</td></tr>
<tr><td></td><td>विषेश</td><td>४९९३०००</td></tr>
<tr><td></td><td>समपुरक</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६१४५५०९</td></tr>
<tr><td>कूल जम्मा</td><td></td><td>२६३९६८८४</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>७</td>
<td></td>
<td></td>
<td>
वजेट पेश पारीत र अख्तियारी<br><br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका प्रमुखले २०७६।३।१० गते रु. ५१ करोड ५ लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतला ई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>८</td>
<td></td>
<td></td>
<td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br><br>
क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td>क्र.स</td><td>क्षेत्र</td><td>बजेट</td><td>खर्च</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा खर्चको तुलनामा</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>६३२०२०००</td><td>४८२९९६१५।४५</td><td>७६।४२%</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>७४८८४०००।००</td><td>५८५१३७६५।४०</td><td>७८।१४%</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३३९४५६१५०।००</td><td>३२५६२४५८७।९७</td><td>९५।९३%</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>६६७१०००।००</td><td>५८२९५२२।००</td><td>८७।३९%</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१०९५३८००१।०२</td><td>९१५९८३६६।५३</td><td>८३।६२%</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ९५.९३ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ७६.४२ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २८ वटा ऐन, ३८ वटा नियमावली, ७ कार्यविधि गरी ८३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कल्याण कोष<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु २५ लाख रकम ट्रान्सफर गरेको छ। उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । ऐनको व्यवस्था बमोजिम योगदानमा आधारित अवकास सुविधा सम्वन्धी कानून तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>हाल सम्म ३८ वटा ऐन, ३८ वटा नियमावली ७ निर्देशिका समेत जम्मा ८३ वटा कानून निर्माण तथा स्वीकृत गरी राजपत्रमा समेत प्रकाशन नगरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>१५</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>२३०६</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१९४</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१८७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२०८</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह सन्तोष जनक देखिएन।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>आर्थिक सहायता<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ माक स्थानीय तहले सघिय सरकार वाट प्राप्त अनुदान वाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष आर्थिक सहायता वितरणमा रु. ३८०००००।०० खर्च लेखेकोमा सो मध्ये रु ३०००००।०० महोत्सवमा खर्च गरेको जनाएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.३०००००० खर्च लेखेको जनाएको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ भने १२ पदहरु रिक्त रहेका छन् । रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विषयगत शाखा समेत विभिन्न पदमा ४३ जना कर्मचारीहरु करार एंव ज्यालादारीमा राखि रु. ९००४३२०।०० खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचेलगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार दरवन्दी स्वीकृत नगरी विभिन्न पदमा ४३ जना कर्मचारीहरु करार एंव ज्यालादारीमा राखेको सम्बन्धमा पालिकाको कार्य वोझ भन्दा वढि जनशक्ति देखीएकोले सो सम्वन्धमा पालिकाले एकिन गर्नुपर्दछ । | |
| १६ | | | **योजना छनौट र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br><table><tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>१०३</td><td>७२</td><td>४१</td><td>२३</td><td>३४</td><td>२७३</td></tr></table> | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १० लाख सम्मका जम्मा २७३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १०३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर समेत पर्न सक्ने हुदा यस तर्फ ध्यान दिनु पर्दछ । | |
| १७ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता—**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरवन्दिका शिक्षकको तलव सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । वित्तिय समानिकरण अनुदानको रकमवाट विद्यालयलाई शिक्षकको तलव भत्ताको लागी अनुदान दिन मिल्ने व्यवस्था देखिदैन । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु १३९८८१३०।०० तलब भत्ता भुक्तानी गरेको नियमसंमत नदेखिएको रु | १३,९८८,१३<br>० |
| १८ | | | **वीद्यलयगत निकासा खाता**<br><br>विद्यालयगत निकासा खाताः कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यखलयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ । | |
| १९ | | | **सामुदायिक विद्यालयको गुण स्तर**<br><br>सामुदायीक विद्यालयको गुणस्तर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ ।पालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| २० | | | **नाफामूलक संस्थालाई अनुदान—**<br><br>गो भौ न ३८४।०७८।१२।११ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा | १२०,००० |

<table>
<tr><td></td><td></td><td></td><td>न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ ।यस स्थानीय तहले यो वर्ष रकाल मिडिया हाउस लाइ कार्यालय व्यवस्थापन वापत खर्च भनी रु १२००००० उपलव्ध गराएको अनियमित देखिएको रु</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>वरवुझारथ<br><br>आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३(१) मा कुनै कर्मचारी सरुवा वढावा अवकाश वा अन्य कुनै कारणले कार्यरत कार्यालय छोडी जाँदा आफ्नो जिम्मामा रहेको जिन्सी वरवुझारथ गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकामा ९ वडाका वडा सचिवलाइ कार्यालयको कामको लागी भनि एक एक थान मोवाइल उपल्ध गराएकोमा वल वहादुर धामी उक्त वडा न १ वाट कार्यालयको अन्यत्र शाखा परिवर्तन हुँदा उक्त मोवाइल वरवुझारथ नगरेकोले पालिकाले यथाशिघ्र वरवुझारथ गर्न लगाइ जिन्सि किताबमा अभिलेख राख्नु पर्दछ ।</td><td>१७,५००</td></tr>
<tr><td>२२</td><td>१२</td><td>२०७८-९-२६</td><td>अग्रिम कर कट्टी नगरेको<br><br>बागथला सुपाडा भाम चौर सडक निर्माणका लागि कन्टेन्जेन्सि बाहेक रु ५७८४२४३।३१ को लागत अनुमान भएकोमा उ स ले रु ५५३५६८।१९ कार्यालयले रु ५२३०६७५। ब्यहोर्ने गरि संझौता भएको छ। यस योजनामा रु १७५८६९३। काम भएको छ ।यस सडकको कटिङको का गर्दा डोजर भाडा वापत साधा कागजमा नुवाकोटका नबराज थापालाई रु १५७२५७०। भुक्तानि दिएको छ । आयकर ऐन २०५८ अनुसार भाडा बापत भुक्तानि दिदा १० प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्नेमा कट्टी गर्को छैन । कर वापतको रकम असुल हुनु पर्दछ रु</td><td>१५७,२०७</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>बिल भन्दा बढि भुक्तानि<br><br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७को दफा ३९(५) अनुसार लेखा राख्दा बिल भरपाई सहित राख्नु पर्ने उल्लेख छ ।पालिकाले देहाय अनुसार ना प्रा स अनिता बमलाई रु ६३६५५०। भुक्तानि दिएको छ। स्रेस्तासाथ रु ५४९१०० ।को मात्र बिल संलग्न छ। बिल भन्दा बढि भुक्तानि रु
<table>
<tr><td>भौ न मिति</td><td>वापत</td><td>भुक्तानि रकम</td><td>बिल रकम</td><td>बढि भुक्तानि</td></tr>
<tr><td>३१।०७९।२।२५</td><td>धानको बिउ खरिद</td><td>४३६५५०।</td><td>३८२७५०।</td><td>५३८००।</td></tr>
<tr><td>४७।०७९।३।१४</td><td>आलु बालि कार्यक्रम</td><td>२०००००।</td><td>१६६३५०।</td><td>३३६५०</td></tr>
</table></td><td>८७,४५०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>६३६५५०।</td><td>५४९१००।</td><td>८७४५०।</td></tr></table></td><td></td></tr>
<tr><td>२४</td><td>३३</td><td></td><td>बढि भुक्तानि<br><br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७को दफा ३९(५) अनुसार लेखा राख्दा बिल भरपाई सहित राखु पर्ने उल्लेख छ।आमा बहुउदेश्य कृर्षि फर्मलाई कृषि प्रबर्दन कार्यकेरमका लागि र ५०००००। मा अग्रिम कर कटटी गरि रु ४९३३६१। भुक्तानि दिएको छ । फर्म पालिका बिच भएको संझौतामा ६ लाखको काम गरेमा रु ५०००००।अनुदान उपलब्ध गराउने उल्लेख छ ।उक्त कामको रु ३५७०५०। को मात्र बिल भरपाई संलग्न छ ।संझौता अनुसार रु ३५७०५० को काम गरेमा रु २५७५४२। अनुदान उपलब्ध गराउनु पर्नेमा ३३।०७८।११।२ बाट रु ५०००००।अनुदान उपलब्ध गराएको छ ।बढि अनुदान उपलब्ध गराएको रकम असुल हुनु पर्दछ</td><td>२०२,४५८</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>मु अ कर दर्ता नभएकालाई भाडा भुक्तानि<br><br>सडक निर्माणले गर्दा उपभोक्ता समितिले काममा भाडा लिएका स्काभेटर मुल्य अभिवृद्धि करमा दर्ता हुनुपर्नेमा दर्ता नभएका स्काभेटरको साधा बिलको आधारमा भुक्तानि दिएको छ। । मु. अ करमा दर्ता नभएका व्यक्तिलाई साधा कागतको बिलको आधारमा भुक्तानि दिदा कार्य गराउदा कर चुहाबाट हुन सक्दछ । पालिकाले यस तर्फ ध्यान दिनु पर्दछ । यसका केहि उदाहरणहरु निम्नानुसार छन्।
<table>
<tr><td>भौ. न. ।मिति</td><td>सडकको नाम</td><td>हेभी मेशिन</td><td>भुक्तानि पाउने</td><td>रकम</td></tr>
<tr><td>१२।०७९।९।२६</td><td>बागथला सुदामा भागचौर सडक</td><td>स्काभेटर</td><td>नबराज थापा</td><td>१५७२७५०।</td></tr>
<tr><td>१५।०७८।९।१६</td><td>देउडा चोडाम मैतोलि डाफु सडक</td><td>स्काभेटर</td><td>लक्ष्मण भण्डारी</td><td>२७९०२५८</td></tr>
<tr><td>५०।०७८।११।१६</td><td>बु न पा पाति हल्ला सडक</td><td>स्काभेटर</td><td>दमन कुवर</td><td>१८९५९९९।</td></tr>
<tr><td>६१।०७८।११।१८</td><td>सिम डुडिल कनाडा सडक</td><td>स्काभेटर</td><td>लक्ष्मण भण्डारी</td><td>१८७५९००।</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>७५।०७८।११।२०</td><td>सैन्सु बाझ ग्रामिण सडक</td><td>स्काभेटर</td><td>अमर भण्डारि</td><td>२८५००००।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२६</td>
<td>४८</td>
<td>२०७८-११-११</td>
<td>बढि भुक्तानि<br><br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७को दफा ३९(५) अनुसार लेखा राख्दा बिल भरपाई सहित राखु पर्ने उल्लेख छ ।कालसैन बहुउदेश्य कृर्षि फर्मलाई कुखुरा फर्म निर्माण वापत रु २१००००। भुक्तानि दिएको छ ।उक्त कामको लागि रु २१००००। लागत अनुमान रहेकोमा कार्यालयले रु २००००००। र उ स ले रु १००००। ब्यहोर्ने उल्लेख छ ।कृषि फर्मले रु १७३२१४। को कामको बिल पेश गरेको छ ।संझौता अनुसार रु १७३२१४। काममा रु १६५०००। भुक्तानि दिनु पर्नेमा ४८।०७८।११।११ बाट रु २०००००। भुक्तानि दिएको छ । बढि भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु</td>
<td>३५,०००</td>
</tr>
<tr>
<td>२७</td>
<td></td>
<td></td>
<td>हेभि ईक्विप्मेन्ट<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :<br><br>
<table>
<tr><td>भौ. न. ।मिति</td><td>सडकको नाम</td><td>हेभी मेशिन</td><td>भुक्तानि पाउने</td><td>रकम</td></tr>
<tr><td>१२।०७९।९।२६</td><td>बागथला सुदामा भागचौर सडक</td><td>स्काभेटर</td><td>नबराज थापा</td><td>१५७२७५०।</td></tr>
<tr><td>१५।०७८।९।१६</td><td>देउडा चोडाम मैतोलि डाफु सडक</td><td>स्काभेटर</td><td>लक्ष्मण भण्डारी</td><td>२७९०२५८</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५०।०७८।११।१६</td><td>बु न पा पाति हल्ला सडक</td><td>स्काभेटर</td><td>दमन कुवर</td><td>१८९५९९९।</td></tr>
<tr><td>६१।०७८।११।१८</td><td>सिम डुडिल कनाडा सडक</td><td>स्काभेटर</td><td>लक्ष्मण भण्डारी</td><td>१८७५९००।</td></tr>
<tr><td>७५।०७८।११।२०</td><td>सैन्सु बाझ ग्रामिण सडक</td><td>स्काभेटर</td><td>अमर भण्डारि</td><td>२८५००००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td>१९१</td><td>२०७९-१-२६</td><td>प्रहरि प्रतिबेदन<br><br>देहायका ब्यक्तिलाई बागथला बखेत भामचौर सडक निर्माण गर्दा क्षति भएको भनि रु २४००००। भुक्तानि दिएको छ ।रकम एक ब्यक्ति राम धामिले मात्र बुझेको भरपाई छ ।क्षति भएको प्रहरी प्रतिबेदन संलग्न गरि क्षतिपुर्ति उपलब्ध गराउनु पर्नेमा प्रहरी प्रतिबेदन बेगर क्षतिपुर्ति उपलब्ध गराएको रु<table>
<tr><td>पाउनेको नाम</td><td>रकम</td></tr>
<tr><td>राम धामि भुक्तानि</td><td>१५००००।</td></tr>
<tr><td>कल्पना धामि</td><td>५००००।</td></tr>
<tr><td>कन्थे धामि</td><td>४००००।</td></tr>
<tr><td>जम्मा</td><td>२४००००।</td></tr>
</table></td><td>२४०,०००</td></tr>
<tr><td>२९</td><td>१३७</td><td>२०७८-१२-२३</td><td>बढि भुक्तानि<br><br>खेत कुलो सिचाई क्यानल निर्माण वापत उ स लाई रु १९८५७४। भुक्तानि दिएको छ ।उकेत कामको लागि लागत अनुमान रु २३१४६२। मा पालिकाले रु २०००००। र बाँकि उ सले ब्यहोर्ने गरि संझौता भएको छ । कुल काम रु २३०७३७। भएको छ । उक्त काममा HDPE पाईप ११० mm ८० मिटर प्रयोग गर्ने ईस्टमेट रहेकोमा ईस्टमेट बराबर पाईप प्रयोग भएको छ । माटो खन्ने काम १४।४८ घ मि लागत अनुमानमा रहेकोमा काम सम्पन्न हुदा १५३।२८ घ मि माटो खनेको देखाएको छ ।पाईपको प्रयोग उहि हुदा बढि माटो खनेको १४२।८० घ मि देखाएको छ । बढि माटो खनेको १४२।८० को रु ४१४।७५ ले हुने रु६८५४४। मा उपभोक्ताको अंश कटाई असुल हुनु पर्ने रु</td><td>५९,२२७</td></tr>
</table>

<table>
<tr><td>३०</td><td>६१</td><td>२०७८-११-१८</td><td>कर कट्टी नगरेको<br><br>सिम डुडिलकनाडा सडक निर्माण वापत उ स लाई रु २६१३६१७। भुक्तानि दिएको छ । उक्त भुक्तानिमा स्काभेटर भाडा वापत लक्ष्मण भण्डारीलाई रु १८७५९००। भुक्तानि दिएको छ । आयकर ऐन २०५८ अनुसार भाडा भुक्तानिमा १० प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्नेमा अग्रिम कर कट्टी गरेको छैन । कर वापतको रकम असुल हुनु पर्दछ रु</td><td>१८७,५९०</td></tr>
<tr><td>३१</td><td>२३८</td><td>२०७९-३-१३</td><td>कार्य सम्पन्न प्रतिबेदन<br><br>कार्य सम्पन्न प्रतिबेदन भैरब मा बि झोतालाई पशु बिज्ञान बिबिध कार्यक्रम अन्तर्गत गोठ ब्यबस्थापनका लागि रु ५०००००। निकाशा दिएको छ । निकाशा भएको रकमबाट बिद्यालयले काम सम्पन्न गरेको कार्य सम्पन्न प्रतिबेदन पेश गर्नु पर्नेमा कार्य सम्पन्न प्रतिबेदन पेश गरेको छैन रु</td><td>५००,०००</td></tr>
<tr><td>३२</td><td>१२५</td><td>२०७८-१२-१०</td><td>बढि दरले भुक्तानि<br><br>तल्ला बिनाडा खार चट्टा सिचाई कुलो निर्माणका लागि उपभवक्ता समितिलाई रु २६४७६८। भुक्तानि दिएको छ ।लागत अनुमान ३०४८००। भएकोमा उ स ले रु ३९८००। र कार्यालयले रु २६५०००। ब्यहोर्ने गरि संझौता भएको छ । उक्त योजनाको रु ३०४५६८। काम भएको छ । योजनामा २५५ र मि ११० एम एम पि एन १० को पाईप प्रयोग भएको छ ।दर बिश्लेषण अनुसार पाईपको प्रति मिटर मु अ कर सहित रु ७५४। रहेको छ। भुक्तानि दिदा प्रति मिटर मु अ कर सहित रु ८५८।८० का दरले दिएको छ । प्रति मिटर रु १०४।८० का बढि दरले भुक्तानि भएको रकम उपभोक्ताको अंश कटाई असुल हुनु पर्दछ रु</td><td>२३,२४२</td></tr>
<tr><td>३३</td><td>१२१</td><td>२०७८-१२-९</td><td>काम नभएको भुक्तानि<br><br>तोलोनि बडार गाउ खानेपानि निर्माण उ स लाई रु ९९६६३। मा कर वापत रु १२६४। कट्टी गरी रु ९८३९९। भुक्तानि दियको छ । लागत अनुमान रु ११४९६८। मा पालिकाले रु १०००००। ब्यहोर्ने उल्लख छ । कुल काम रु ११४६२१। को भएको छ ।कार्य सम्पन्न प्रतिबेदनमा निम्नानुसार कामको परिमाण सुन्य रहेको छ । कामको परिमाण सुन्य रहेकोमा भुक्तानि भएको रकम उपभोक्ताको अंश कटाई असुल हुनु पर्दछ रु
<table>
<tr><td>काम</td><td>परिमाण</td><td>रकम</td></tr>
<tr><td>Cost of RVT</td><td>0</td><td>२३८५१।</td></tr>
<tr><td>Cost of pipe line</td><td>0</td><td>६४३८६</td></tr>
</table></td><td>८८,२३७</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>८८२३७।</td></tr></table></td><td></td></tr>
<tr><td>३४</td><td>२४<br>३</td><td>२०७९<br>-३-२०</td><td>जिन्सि किताबमा आम्दानि नबाधेको<br><br>कैलाश भवानि मा बि लाई फर्निचर खरिद वापत रु २०००००। उपलब्ध गराएको छ । अनुदान प्राप्त रकम बाट बिद्यालयले प्लास्टिक कुर्चि ३० थान बेञ्च डेस्क ३० थान अफिस टेबुल २ थान लगायत ९ थरिका सामान खरिद गरेको छ ।खरिद गरेका सामानहरु जिन्सि किताबमा आम्दानि बाध्नु पर्नेमा बाधेको छैन ।सामानको जिन्सि किताबमा आम्दानि बाधेको प्रमाण पेश हुनु पर्दछ रु</td><td>२००,०००</td></tr>
<tr><td>३५</td><td>४१</td><td>२०७९<br>-३-१६</td><td>बिल भरपाई पेश हुनु पर्ने<br><br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७को दफा ३९(५) अनुसार लेखा राख्दा बिल भरपाई सहित राख्नु पर्ने उल्लेख छ ।आ सि टि ल्याब सञ्चालनका लागि भुबनेश्वरी आधारभुत बिद्यालयलाई ४१।०७९।३।१६ बाट रु ६५००००। भुक्तानि दिएकोमा ल्याबका सामान खरिद गरेको देखिएन। सामान खरिद गरेका बिलहरु पेश हुनु पर्दछ रु</td><td>६५०,०००</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>अधुरो योजना<br><br>सुर्मा भवानि मा बि काडाचौरको आठ कोठे भवन निर्माणका लागि रु ८२९९२४७।३५ लागत अनुमान भएकोमा सबै भन्दा कम कबोल गर्ने भि एन निर्माण सेवा प्रा लि संग मिति २०७८।११।१८ मा २०७९ आषाढ २० गते सम्म मु अ कर सहित रु ४५९२४५८। सम्पन्न गर्ने गरि संझौता भएको छ ।निर्माण ब्यवसायीले आ व को अन्त सम्म रु २८७६७२६। को काम सम्पपन्न गरेको छ। समयमा काम सम्पन्न नहुदा बजेट फ्रिज भई योजना अधुरो रहन गएको छ। बजेट ब्यवस्था गरी योजना सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिबेदन<br><br>देहायका विद्यालयहरुलाई देहाय अनुसार कामको लागि जम्मा रु ३३२७८०००।अनुदान उपलब्ध गराएको छ। अनुदान प्राप्त रकमबाट विद्यालयले उक्त कार्य सम्पन्न गरेको कार्य सम्पन्न प्रतिवेदन पेश भएन। विद्यालयले उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ।<table><tr><td>विद्यालयको नाम</td><td>कार्यक्रम</td><td>रकम रु.</td><td></td></tr><tr><td>भैरव मा वि झोता</td><td>प्राविधिक धार ल्याव ब्यवस्थापन।</td><td>६९६५०००</td><td></td></tr><tr><td>भैरव मा वि झोता</td><td>विद्यालय भवन निर्माण</td><td>६६५८०००</td><td></td></tr></table></td><td>३३,२७८,००<br>०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>वाठपाली मा वि झोता</td><td>चार कोठे भवन निर्माण</td><td>३५७५०००।</td><td></td></tr>
<tr><td>बेताल मा वि</td><td>चार कोठे भवन निर्माण</td><td>३५७५०००।</td><td></td></tr>
<tr><td>जनजागृति आ वि</td><td>दुई कोठे भवन निर्माण</td><td>१७८५०००।</td><td></td></tr>
<tr><td>भुवनेश्वरी प्रा वि</td><td>दुई कोठे भवन निर्माण</td><td>१७८५०००।</td><td></td></tr>
<tr><td>जगन्नाथ मा वि</td><td>चार कोठे भवन निर्माण</td><td>३५७५०००।</td><td></td></tr>
<tr><td>शिक्षोदय मा वि</td><td>चार कोठे भवन निर्माण</td><td>३५७५०००।</td><td></td></tr>
<tr><td>नवोदेउ आधारभुत विद्यालय</td><td>दुई कोठे भवन निर्माण</td><td>१७८५०००।</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>३३२७८०००।</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td>५५</td><td>२०७९ -३-२२</td><td>भरपाई पेश नभएको<br><br>भरपाई पेश हुनु पर्ने ७५ वटा प्राकृतिक रकेट चुलो खरिद वापत ५५।०७९।३।२२ बाट रु मेकटेक सोलुसन प्रा लि लाई मु अ कर सहित रु ४१४४२७। भुक्तानि दिएको छ ।खरिद गरका चुलाहरु सम्बन्धित व्यक्तिलाई बितरण गरेको भरपाई हुनु पर्नेमा बितरण भरपाई पाईएन । बितरण भरपाई पेश हुनु पर्दछ रु</td><td>४१४,४२७</td></tr>
<tr><td>३९</td><td>३४</td><td>२०७९ -३-२५</td><td>मु अ कर समायोजन<br><br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले मालिका कम्प्युटर सेन्टरलाई३४।०७९।३।२५ बाट १९४७५०० मा मु अ कर रु २२४०४८। भुक्तानि दिएको छ । भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु ६७२१४।कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेशे हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>६७,२१४</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>संघिय सरकारको बढि खर्च भएको</td><td>१,३४७,४९८</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | संघिय सरकारबाट समपुरक अनुदान अन्तर्गत भैरब मा बि झोताको पशु बिज्ञान भबन निर्माणका लागि रु ४२०००००। बजेट बिनियोजन भएको छ ।उक्त भबन निर्माणका लागि अनमोल निर्माण सेवा संग रु ५६२९७६३।६५ को संझौता भएकोमा आर्थिक बर्षको अन्त सम्म रु २६९४९९६। खर्च भएको छ ।समपुरक अनुदान सम्बन्धि कार्यबिधि २०७७ अनुसार समपुरक अनुदानमा पालिकाले ५० प्रतिशत रकम लगानि गर्नु पर्नेमा पालिकाको लगानि गरेको छैन।निर्देशिका अनुसार ५० । ५० प्रतिशत खर्च गर्नु पर्नेमा संघिय सरकारको रु २६९४९९६। खर्च भई संघिय सरकारको रु बढि खर्च भएको रु | |
| ४१ | ५९ | | **नापि किताब र कार्यसम्पन्न प्रतिबेदन संलग्न नभएको**<br><br>रोतागाडा झोलुङ्गेपुल निर्माणका लागि १० थरिका सामान खरिद वापत मालिका ईञ्जिनियरिङ् एण्ड मेकानिकल वर्कस प्रा लि लाई रु १३७४८३३। भुक्तानि दिएको छ । खरिद गरेका झो पु का सामानहरु झो पु मा प्रयोग भएको नापि किताब र कार्यसम्पन्न प्रतिबेदन हुनु पर्नेमा नापि किताब र कार्यसम्पन्न प्रतिबेदन संलग्न नभएको रु | १,३७४,८३३ |
| ४२ | ५८ | २०७९-३-२३ | **पेश्कि कायम हुनु पर्ने**<br><br>पालिकाले सिराडि कालिगडा झो पु उ स लाई झोलुङ्गेपुल निर्माण वापत रु २०००००। पेश्कि दिएको छ । पेश्कि रकम पेश्कि महलमा उल्लेख गरेको छैन। पेश्कि कायम गरि फछ्र्यौट हुनु पर्दछ रु | २००,००० |
| ४३ | | | **कार्यविधिमा भएको ब्यवस्था विपरित खर्च**<br><br>विषेश अनुदान सम्वन्धि कार्यविधि २०७७ को ८ (१) मा जुन आयोजनाको लागि अनुदान प्राप्त भएको हो सो हि आयोजनामा खर्च गर्नु पर्ने उल्लेख छ त्यसै गरी ८ (२ ) अनुसार विषेश अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन गर्न पाइने छैन भन्ने उल्लेख छ । पालिकाले संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) एक घर एक धारा एक शौचालय कार्यक्रम अन्तर्गत रु १२५०००००। विनियोजन भएको छ। विशेष अनुदान सम्बन्धी कार्यविधि २०७७ अनुसार जुन कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा खर्च गर्नुपर्ने उल्लेख छ। साथै उक्त अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन गर्न नपाईने ब्यवस्था छ। पालिकाले एक घर एक धारा एक शौचालय वापतको रकम विभिन्न योजनामा टुक्रा टुक्रा गराई उपभोक्ता समिति मार्फत काम सम्पन्न गरेको छ। कार्यविधिमा भएको ब्यवस्था विपरित खर्च भएको अनियमित रु. –<br><br>भौ नं मिति \| वापत \| भुक्तानी पाउने \| रकम<br>२४।२०७९/०१/१२ \| सामान खरिद \| ईमर्जिङ्ग अल्टरनेटिभ \| ४९६०७०। | ११,३०५,८५४ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३८।२०७९/०३/०७</td><td>झोता खा पा निर्माण उ स</td><td>झोता खा पा निर्माण उ स</td><td>६७८७७१।</td></tr>
<tr><td>४१।२०७९/०३/१२</td><td>देउरा बोरिङ्ग खानेपानी</td><td>देउरा बोरिङ्ग खानेपानी उ स</td><td>१२१८४४३।</td></tr>
<tr><td>५६।२०७९/०३/२३</td><td>काँडाचौर खा पा</td><td>काँडाचौर खा पा उ स</td><td>४२५९४१४।</td></tr>
<tr><td>६७।२०७९/०३/२५</td><td>देउरा डिप बोरिङ्ग</td><td>देउरा डिप बोरिङ्ग खा पा उ स</td><td>३९९९१७।</td></tr>
<tr><td>७७।२०७९/०३/२५</td><td>रिठाली खा पा</td><td>रिठाली खा पा मैतोली उ स</td><td>४२५३१९९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>११३०५८१४।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>प्रदेश सरकारको वढी खर्च<br><br>प्रदेश सरकारबाट हस्तान्तरित समपुरक कार्यक्रम अन्तर्गत खिकिरि सिचाई कुलो योजनाका लागि रु २८५७०००। बजेट बिनियोजन भएको छ ।योजनाको कुल लागत अनुमान रु ६९९८८४३।७० मु अ कर सहित भएकोमा सबै भन्दा कम कबोल गर्ने अनमोल निर्माण सेवा संग रु ६९७४१५७।५३ मु अ कर सहित संझौता भएको छ ।संझौतामा २०७९ माघ मसान्त सम्म काम सम्पन्न गर्ने उल्लेख छ।समपुरक अनुदान सम्बन्धि कार्यबिधि २०७७ अनुसार कुल लागतको ५० प्रतिशत स्थानिय तहले ब्यहोर्नु पर्ने उल्लेख छ । हाल सम्म खर्च भएको रु २७१२३९६। सबै प्रदेश सरकारको रहेको छ ।पालिकाले तर्फबाट खर्च भएको छैन ।कार्यबिधि अनुसार प्रदेश सरकारको बढि खर्च भएको रु</td><td>१,३५६,१९८</td></tr>
<tr><td>४५</td><td>१७४</td><td>२०७९-१-१४</td><td>कर कट्टी<br><br>आयकर ऐन २०५८ अनुसार भाडा भुक्तानि गर्दा १० प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नु पर्ने उल्लेख छ ।पालिकाले सेकु रजाडा सडक मर्मत वापत लक्ष्मण भण्डारिलाई मेशिन भाडा वापत रु ८५००००। भुक्तानि गर्दा दश प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नु पर्नेमा कर कट्टी नगरेकोले कर वापतको रकम असुल हुनु पर्दछ रु</td><td>८५,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
